निर्णय नं. १

चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८२ बैशाख ३१ गते विहानको ११:०० बजे बसेको ४१ औं नगर कार्यपालिका बैठकको निर्णय उपर छलफल तथा समिक्षा गरियो।

निर्णय नं. २

यस चौतारा साँगाचोकगढी नगरपालिकाको १८ औं नगर सभा आगामी असार ०९ गते सोमबारका दिन विहान ११:०० बजे यस नगरपालिकाको नगर सभाहलमा संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

यस चौतारा साँगाचोकगढी नगरपालिकाको सुशासन (शासकीय प्रवन्ध) विधेयक, २०८२ र विशेष परियोजना कार्यान्वयन विधेयक, २०८२ स्वीकृत गरी मिति २०८२ असार ०९ गते बस्ने आगामी १८ औं नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४

महालेखा परीक्षकको कार्यालय वा लेखा समुहबाट अवकाश प्राप्त कर्मचारीबाट सेवा लिई यस चौतारा साँगाचोकगढी नगरपालिकाको विगतका सबै आर्थिक वर्ष तथा गत आ.व. २०८०/०८१ को बेरुजु सम्परीक्षण गर्ने निर्णय गरियो।

निर्णय नं. ५

चौतारा साँगाचोकगढी नगरपालिकाको मध्यकालीन खर्च संरचना (MTEF) स्वीकृत गरी मिति २०८२ असार ०९ गते बस्ने आगामी १८ औं नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ६

चौतारा साँगाचोकगढी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M Survey) स्वीकृत गरी मिति २०८२ असार ०९ गते बस्ने आगामी १८ औं नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ७

चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ७ कार्यालयको प.सं. २०८१/०८२, च.नं. १२६४, मिति २०८२/०१/३१ गतेको पत्रानुसार वडा नं. ७ स्थित देहाय बमोजिमको भैंसीपालन समुहलाई दुधमा आत्मनिर्भर बन्न अभिप्रेरित गराउने उद्देश्यले पशु सेवा केन्द्र, चौतारा, सिन्धुपाल्चोक मार्फत् बागमती प्रदेश सरकारबाट कार्यान्वयन हुने भैंसीपालन कार्यक्रममा समावेश गर्ने प्रयोजनका लागि सिफारिस गर्ने निर्णय गरियो।

तपशिलः

१. कल्लेरी भैंसीपालन समूह, चौतारा साँगाचोकगढी न.पा.-०७, सिन्धुपाल्चोक
२. नेपाने भैंसीपालन समूह, चौतारा साँगाचोकगढी न.पा.-०७, सिन्धुपाल्चोक

निर्णय नं. ८

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको गृहणी महिला सशक्तिकरण कार्यक्रम छिगुझिगु चौतारा सामुदायिक होमस्टे मार्फत् कार्यान्वयनमा लगिएकोमा सामाजिक विकास कार्यालय, धुलिखेलको सुझावहरु समेतलाई ध्यान दिएर तपशिल बमोजिम गर्ने निर्णय गरियो।

तपशिलः

१. प्रदेश सरकारको स्रोतबाट तालिम र विउ पुंजीको मात्रा लेख्ने।

२. पेश्की दिंदा प्रदेश सरकारको स्रोतबाट प्रदान गरिएको भए र माथि बुँदा नं. १ भन्दा बढी खर्च भएको भए सो एकीन गरी प्रदेश सरकारको स्रोतको रकम सामाजिक विकास मन्त्रालयसँग समन्वय गरी उपयुक्त खातामा फिर्ता गर्ने।

३. सम्झौताको कुल रकम रु. ३९,१५,७६२।-(उनानचालिस लाख पन्ध्र हजार सात सय बैसठ्ठी रुपैया) मा प्रदेश सरकारको स्रोतबाट खर्च हुने बुँदा नं. १ को रकम बाहेकको बाँकी रकम नगरपालिकाको श्रोतबाट खर्च लेख्ने।

४. उक्त सामुदायिक होमस्टेका सदस्यबाट स्वेच्छिक रुपमा गरिएको लगानीको मुल्याङ्कन गरी अभिलेखित गर्ने।

५. प्रहरीबिट, नारानथान धारा र फल्चा लगायतको निर्माणमा उक्त समुहबाट व्यहोरिएको लागत सहभागिताको लागि समुहलाई धन्यवाद प्रदान गर्ने र योगदानलाई मुल्याङ्कन गरी अभिलेखित गरिदिने।

६. होमस्टेको केन्द्रीकृत कार्यालय संचालनका लागि १ थान कम्प्युटर र प्रिन्टर, ३० देखि ३५ जना अट्ने सभा/कार्यक्रम हल र नेवारी साँस्कृतिक प्रस्तुति गर्न मिल्ने गरी मञ्च निर्माण गर्ने कार्य आगामी आर्थिक वर्षमा म्याचिङ फण्डबाट कार्यान्वयन गर्ने।

७. उक्त समुहले करेसाबारी सुधारको माग गरेकोमा, आगामी आर्थिक वर्षमा कृषि शाखाको कार्यक्रमबाट कार्यान्वयन गर्ने।

८. आगामी आर्थिक वर्षमा उद्यम विकास नहुने तथा तालिममा मात्र सिमित हुने कार्यक्रममा साझेदारी नगर्ने। प्रस्ताव पेश गर्दा कार्यविधि बुझेर मात्र गर्ने।

निर्णय नं. ९

यस चौतारा साँगाचोकगढी नगरपालिकाको योजना अनुगमन समितिबाट मिति २०८२/०३/०१ गते प्रमाणित भई पेश हुन आएको योजना अनुगमन सम्बन्धी प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

आर्थिक वर्ष २०८१/०८२ मा यस चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं. ४ मा रहेको श्री सेती देवी पञ्चकन्या माध्यमिक विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम संचालन गर्नका लागि यस चौतारा साँगाचोकगढी नगरपालिका कार्यालय र उक्त विद्यालयबीच मिति २०८१/०९/२२ गते भएको द्विपक्षीय सम्झौता बमोजिम उक्त विद्यालयले सो कार्यक्रम सम्पन्न गरी हाल विल भर्पाइ लगायत आवश्यक कागजातहरु सहित भुक्तानीका लागि लेखि आएको हुँदा सो कार्यक्रम सम्पन्न गरे वापतको रकम मिति २०८१ पौष २८ गतेको १७ औं नगर सभाबाट विनियोजित भैपरी आउने योजना शिर्षकमा विनियोजन भएको बजेटबाट भुक्तानी गर्न नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. ११

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत लक्षित वर्ग अन्तर्गत वालवालिका तर्फ किशोर किशोरीहरुको लागि आत्मारक्षा तालिम र अभिमुखीकरण कार्यक्रमको लागि विनियोजन भएको बजेटको परिधी भित्र रही उक्त कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि यस नगरपालिका कार्यालय र वडा नं. ५ स्थित शब्दालय पब्लिकेशन एण्ड मिडिया नेटवर्क प्रा.लि. बीच भएको द्विपक्षीय सम्झौता अनुसार उक्त प्रा.लि. ले वडा नं. १० र १२ मा उक्त कार्यक्रम सम्पन्न गरी हाल विल भर्पाइ लगायत आवश्यक कागजातहरु सहित भुक्तानीका लागि लेखि आएको हुँदा सो कार्यक्रम सम्पन्न गरे वापतको रकम भुक्तानी गर्न नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. १२

यस चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ८ मा थप प्रभावकारी रुपमा स्वास्थ्य सेवा विस्तार गर्ने प्रयोजनार्थ इर्खु स्वास्थ्य चौकीको लागि भवन निर्माण गर्ने प्रयोजनार्थ नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंमा आवश्यक बजेट माग गर्ने निर्णय गरियो।